# मुस्ताङ जिल्ला अदालत

जोमसोम, मुस्ताङ

☎ ०६९-४४००९५
०६९-४४०४०८
फ्याक्स: ०६९-४४००९५
Email:infodcmustang@dcourt.gov.np

पत्र संख्याः ०७४/७५
च.नं.:
प्राप्त पत्र संख्या र मितिः

मितिः२०७४।११।११

विषयः <u>दण्ड जरिवाना छुट सम्बन्धी अत्यन्त जरुरी सूचना ।</u>

यस अदालत तथा अन्य अदालतहरुको अन्तिम फैसलाले लागेको दण्ड जरिवाना र सरकारी विगो समेतको असूल हुन बाँकी बक्यौता बुझाउन ल्याउनु हुन सम्बन्धित लगतवाला व्यक्तिहरुको लागि जिल्ला अदालत नियमावली -२०५२ को नियम ८७ को उपनियम (१) बमोजिम यो सूचना प्रकाशन गरिएको छ । दण्ड, जरिवाना सरकारी विगो समेतको बाँकी बक्यौता भएका लगतवाला व्यक्तिहरुले यो सूचना प्रकाशन भएका मितिले तपसिलमा उल्लेखित अवधि भित्र बाँकी बक्यौता रहर्को दण्ड जरिवाना, सरकारी विगो समेत बुझाउन ल्याएमा जिल्ला अदालत नियमावली -२०५२ को नियम ८७ को उपनियम (२) बमोजिम निम्न बमोजिम छुट हुने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

१. एक महिना भित्र बुझाउन ल्याएमा १५% छुट हुने ।
२. दुई महिना भित्र बुझाउन ल्याएमा १३% छुट हुने ।
३. तीन महिना भित्र बुझाउन ल्याएमा ११% छुट हुने ।
४. चार महिना भित्र बुझाउन ल्याएमा ९% छुट हुने ।
५. पाँच महिना भित्र बुझाउन ल्याएमा ७% छुट हुने ।
६. छ महिना भित्र बुझाउन ल्याएमा ५% छुट हुने ।

२०७४।११।११

कमल बहादुर बानियाँ
तहसिलदार